हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक

# लहानपोस्ट
LAHANPOST DAILY

वर्ष : ०१ अंक : १८८ पृष्ठ : ४ २०७७ माघ २६ गते सोमबार (Monday 08 February 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्ट्स सेन्टर
लहान-६ ।



यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

## प्रदेश २ मा सञ्चार क्षेत्रका तीन नियुक्ती :

### बधाई दिने क्रमसँगै टिका टिप्पणी पनि

**जनकपुरधाम ।** प्रदेश २ सरकारले गत शुक्रबार सञ्चार सम्बन्धी तीन निकायमा पदाधिकारी नियुक्त गर्‍यो ।

प्रदेश मिडिया काउन्सिल, प्रदेश आमसञ्चार प्राधिकरण र चलचित्र तथा लोकसञ्चार प्रर्वद्धन बोर्ड गरी तीनै निकायका अध्यक्ष नियुक्तिको खबर शुक्रबार विहानै सार्वजनिक भयो । यो खबर सार्वजनिकसँगै तीनै जना पदाधिकारीलाई शुभचिन्तकहरूले विभिन्न माध्यमले बधाई दिए ।

तर, सञ्चार सम्बन्धी तीन निकायमध्ये प्रदेश आमसञ्चार प्राधिकरणबाहेक प्रदेश मिडिया काउन्सिल र चलचित्र तथा लोकसञ्चार प्रर्वद्धन बोर्ड गरी दुई निकायको नियुक्तिको विषयमा विभिन्न किसिमका टिकाटिप्पणी पनि सुरू भयो । प्रदेश आमसञ्चार प्राधिकरणको नियुक्ति चित्तबुझ्दो भएपनि प्रदेश मिडिया काउन्सिल र चलचित्र तथा लोकसञ्चार प्रर्वद्धन बोर्डको नियुक्ति भागबण्डा र चलखेलको आधारमा भएको बहस समाजिक सञ्जालमा भइरहेको छ ।

प्रदेश मिडिया काउन्सिलको अध्यक्षमा नियुक्त भएका शिवहरी भट्टराईको नियुक्ती पार्टीका नेताको भागबण्डाका आधारमा भएको र उनी बाबुराम भट्टराईको सिफारिसमा नियुक्त भएको दाबी एकथरी पत्रकारहरूको छ । यस्तै, चलचित्र तथा लोकसञ्चार प्रर्वद्धन बोर्डको अध्यक्षमा नियुक्त भएका धर्मेन्द्र मोरबैताको नियुक्तिमा पनि टिका टिप्पणी हुने गरेको छ । चलचित्र विकास बोर्डको पूर्वअध्यक्षसमेत रहेका उनी पछिल्लो समय कला क्षेत्रमा निष्क्रिय जस्तै छन् । मैथिली चलचित्र गरिबक बेटीका निर्मातासमेत रहेका उनी चलचित्र विकास बोर्डको दुई वर्ष कार्यकाल सकेयता ७-८





बाँकी ३ पेजमा

## मिर्चैयामा विष्णुपुराण महायज्ञ हुने

■ बिनय यादव

**सिरहा ।** मिर्चैया नगरपालिका-४ स्थित मिर्चैया बजार छेउमा विष्णुपुराण महायज्ञ हुने भएको छ । चैत २४ गतेदेखि ११ दिने विष्णुपुराण महायज्ञ हुने भएको हो । यसका लागि अहिलेदेखि नै तयारी थालिएको छ ।

दाताहरूकै सहयोग र अगुवाइमा आयोजना हुन लागेको यो महायज्ञ यहाँ पहिलोपटक हो । पौराणिक धार्मिक मान्यता सम्वर्द्धन तथा सामाजिक सद्भाव अभिवृद्धिका लागि महायज्ञ

बाँकी ३ पेजमा

## डुमरीमा बन्ने भो 'बर्थिङ्ग सेन्टर'

**कल्याणपुर ।** कल्याणपुर नगरपालिका-९ स्थित डुमरीमा अब बर्थिङ्ग सेन्टर बनाउने कार्य थालनी भएको छ ।

बर्थिङ्ग सेन्टरका भौतिक पूर्वाधार बनाउन आइतबार कल्याणपुर नगरपालिकाका कार्यबाहक मेयर रोहिणी यादवले शिलान्यास गरेका छन् । शिलान्यास कार्यक्रममा जग्गादाता र वडाध्यक्षको पनि सहभागिता थियो । यहाँ पहिलो आर्थिक वर्षमा ठेक्का प्रक्रियाबाट भवन र कम्पाउण्डवाल निर्माण गर्न ४८ लाख ७५ हजारमा राज कन्सट्रक्सनले निर्माणको ठेक्का पाएका छन् । यही आर्थिक वर्षमा काम सम्पन्न गर्ने निर्माण कम्पनीले जनाएको छ । शिलान्यास लगतै



काम सुरू गरिने जनाएको छ । बर्थिङ्ग सेन्टर नहुँदा यस भेगका गरिब, विपन्न महिलाहरू सुत्केरी गराउन बाहिर जानु पर्ने बाध्यता थियो । पैसा अभावमा सहजै उपचार नपाउँदा ज्यानै जानेको गरेको थियो । स्थानीयका अनुसार अब गाउँमै बर्थिङ्ग सेन्टर बनेपछि सहज हुनेछ । यस योजनालाई गम्भीर रूपमा लिएर काम अगाडी बढाइएको कार्यबाहक मेयर रोहिणी यादवले बताईन् ।

सूचना ! सूचना !! सूचना !!!
MASSEY FERGUSON
मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा
रु. १५,०००।- देखि रु.३०,०००।- सम्मको बम्पर छुट।



यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।
गिफ्ट किसिम :
a) Led TV-24"
b) Fridge - 170 Ltr.
c) Leveller



हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क स्थान :- रत्ना ओटो
पडरिया-१, लहान सिरहा
फोन नं. :- ०३३-५६२१३५
मोवाईल :- ९८०११५१४३८

बगैंचा सहितको जग्गा बिक्रीमा
लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, १५ वटा कटहरको रुख, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।
सम्पर्क नम्बर : ०३३-५६०२१९
मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०




Lahan office: 033-561429, 033-561430 । Mirchaiya: 033550505, । Golbazar: 9801186055, । Kalyanpur: 031-540229



फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ सैं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# 'अँधेरी' भर्सेज 'उजेली'

**बसिबियालो**

डा. शामरथसिंह राई



अँधेरीले उज्यालोलाई थाम्छ, दुईको आँखाहरू पृथक भएपनि शक्ति एउटैमा निहीत हुन्छ । उज्यालोको अन्तरसम्बन्ध नै अँधेरीसँग हुन्छ । अझ भन्नुपर्दा डिएनए एउटै हुँदो हो । उज्यालो अंधेरीको परेलीमा मुस्कान दिन्छ । सुस्केरा दिने गर्छन । आँसु पुछ्ने मित्र भईदिन्छ । भु–मण्डलीय राप, ताप, थकान, आँसु, रोदनको एकमुष्टमा सहन गरी उज्यालोलाई आराम दिने काम गर्छन । एक पलपनि अँधेरी नहुने हो भने विशाल रंगभूमिमा क्याकटसको जीवन लिला पनि समाप्त भएझैं हुन्छ नै ।

अभिव्यक्ति दिने बेग्लै भएपनि उसलाई स्वासप्रश्वासको दिग दिने अर्कै भए झैं मानिस बनाउनुमा वंशजले, अदृश्य रूपले जग बसालेकैं हुन्छन् । यसैले होला असत्यलाई अगाडि राखेर सत्यले आफ्नो अनुहार छोपेकैं हुँदो हो । यद्यपी असत्यको प्रारूप पनि मानिसको उत्पतिसँगै प्रादुर्भाव भएको मानिन्छ । मानिस नै नैतिकताको कर्णधारका सूत्रपाती भएको कैयौं पुस्तक, ग्रन्थ, लेजेण्ड, पुराणहरूमा उल्लेख छन् । राम भगवान सत्य, रावण असत्य, शब्दहरू 'र' बाटै उच्चारण लिइन्छन् । भनेपछि 'र' पदबाटै उत्पति किन हुन पुग्दछ ? अरू पदबाट किन हुन पुगेन ? 'र' को दुईटा प्रारूप हुँदो हो पल्टाएर हेर्दा एउटा देखिने, सुल्टाएर हेर्दा अर्को देखिने । कस्तो बिडम्वना ! गहिरिएर सोच्दा, हेर्दा, एउटैमा दुई देखिन्छन् ।

अँधेरी बिना उज्यालो हुँदैन । पक्का हो । कैयौं वर्ष, महिना, दिन, पलहरू बिते गन्न पनि असम्भव हुन्छन् । विश्वका कैयौं पुस्तकालय, संग्रहालयहरूमा यस्ता सान्दर्भिक रतन मोतीका उपहारहरू राखिएका छन् । अन्य अन्य ठाउँमा । आ–आफ्नै तवर–तरिकाले । भाषामा होलान । एउटा भाषा अरूलाई पाच्य हुन सक्छ वा सक्तैन । छर्लङ्ग छ । बंगालीले कुकुरलाई एउटा शब्दले अर्थ लगाउँछन् भने पंजाबीले अर्को अर्थले । उस्तै तामाङ भाषाले अर्कै अर्थ लगाउँछ भने राई, वान्तवाले अर्कै अर्थ लगाउँछ । अन्य जात जातिले आ–आफ्नै अर्थ लगाउँन सक्छ । सगरमाथाको टुप्पोमा पुगेपछि तेन्जिङ्ग नोर्गेले नेपाली झण्डा देखाउँदा अचम्म देखेको हुनपर्दछ । जुन नपुग्नेले देख्दैन । मर्दामर्दै जिउनेले अँधेरी र उजेलीको आभास एकैरूपमा देख्न सक्छ भन्ने कुरा हो । उसको मनमस्तिष्कमा के–के थिए होला । केबल जाँगर, निश्चल मन ।

हुन त उजेलीलाई प्रकाश भन्दो होलान तर जति उजेली फरेबी आश्रित हुन्छन् त्यत्तिको अँधेरी हुदैन । बाह्य भन्दा आन्तरिकको शक्ति नै निर्माण द्योतक हुन्छ । इतिहास कोर्ने खस्रो औंलाहरू, पसिनाको श्रमले अंधेरीको निर्माण भएको हुनुपर्दछ । उजेलीले केवल फिजबाट निक्लेको क्षणभरको रंग विरंगी अनुवोध तरंगित पारेको हुनुपर्दछ । जबकि ती केवल अस्थायी ।

अँधेरी र उजेलीको मझिरामा सायद मोन्क (ᡣयलप)ले विउल्फ लेखि दिएर आफू केही होइन, केबल त्याग, बिलदानको दृष्टान्त दिएर गए । उस्तै पि.वी.सेलीले उजेलीको फोहोरी खेल चैते हुरीले पातै लैजाने गरी लैजाउँला भन्ने उदगार नपोखेको पनि होइन । त्यस्तै नेपाली कविहरूले पनि यस्तै उदगार कवितामा छरेका छन् । केवल, उजेली तत्काल हो भने अँधेरी नदेखिने सागर झैं हो । केवल, हामीले बुझ्न मनन गर्नु पर्ने कुरा हुन ।

# सविधान 'कुल्चिने' हरूबाट जो जति बेला पनि 'कुल्चिइन' सक्छ

प्रधानमन्त्री केपी शर्मा ओलीले गएको पुस ५ मा संसद् विघटन गरेसँगै नेपालको




राजनीतिले फरक धार समातेको छ । प्रतिनिधि सभा विघटन संवैधानिक हो कि होइन ? यो प्रधानमन्त्रीको अधिकार क्षेत्रभित्र पर्छ कि पर्दैन भन्ने सवालमा सर्वोच्च अदालतको संवैधानिक इजलासमा सुनुवाइ चलिरहेको छ ।

सर्वोच्च अदालतले केही समयपछि फैसला सुनाउने नै छ । संसद् पुनःस्थापना भए पनि या त विघटन नै सदर भए पनि यतिबेला नेपालको संविधान २०७२ को सान्दर्भिकतामाथि गम्भीर प्रश्न खडा भएका छन् । प्रतिनिधि सभा विघटन र यससँग जोडिएर देखापरेका विविध समस्या संविधानको क्षेत्र र दायराभन्दा बाहिरका छन् । जुन संविधानको धारा वा उपधारामा खोजेर समाधान पाउन सकिन्न । यसका केही तर्क छन् ।

पहिलो त, नेपालको संविधान २०७२ ले प्रधानमन्त्रीले हालको अवस्थामा प्रतिनिधि सभा विघटन गर्न सक्ने अधिकार दिएको छैन । तर प्रधानमन्त्रीले विघटन गरिदिएका छन् । प्रधानमन्त्री र उनका अनुयायीहरूको तर्क छ, संविधानमा जेसुकै कुरा लेखिए पनि बहुमत प्राप्त प्रधानमन्त्रीसँग विघटन गर्न सक्ने विशेष अधिकार जहिल्यै सुरक्षित हुन्छ । अल्पमतको सरकार वा दुई वा दुईभन्दा बढी दल मिलेर बनेको सरकारको प्रधानमन्त्रीले मात्र संसद् विघटन गर्न नमिल्ने हो ।

यही तर्कलाई मात्र आधार मान्ने हो भने अब भविष्यमा जहिल्यै पनि बहुमत प्राप्त सरकार जहिल्यै पनि अस्थिरताको कारण बन्नेछ । सत्ताको चास्नीको स्वाद पाएका सबै राजनीतिक दलका बूढा नेताहरुले बहुमतको सरकारलाई स्थिर बन्न दिने छैनन् । स्थिरताको अपेक्षामा नागरिकले बहुमत दिएर पठाएको राजनीतिक दलबाटै जहिल्यै अस्थिरताको दुष्चक्रमा देशलाई फसाइरहनेछन् । जसलाई यो संविधानले समाधान दिन सक्ने देखिँदैन । दोस्रो, संविधानले प्रस्ट रूपमा संवैधानिक परिषद्को बनोट, त्यसको निर्णयका केही आधार तय गरेको छ । संविधानमा भएका व्यवस्थालाई पछि बन्ने कानुनले काट्न सक्दैन । तर पछिल्लो समय जुन तरिकाबाट संवैधानिक परिषद्सम्बन्धी बहुविवादित अध्यादेश ल्याइयो र शपथग्रहण गराइयो, यसले संविधानको मूल मर्ममाथि डरलाग्दो प्रहार भएको छ ।

यो नियुक्तिलाई यदि संवैधानिक मान्ने हो भने हालको संविधान लागू भएसम्म आगामी दिनमा अहिलेको घटना नजीरका रूपमा रहिरहन्छ । आगामी दिनमा बन्ने हरेक सरकारले यसलाई अनुसरण गर्दै जानेछन् । यसले संविधानले परिकल्पना गरेको संवैधानिक अंगको औचित्यमाथि गम्भीर प्रश्न उब्जिने मात्र होइन कि सान्दर्भिकता समेत सकिनेछ । अर्थात् संवैधानिक आयोगका नियुक्तिबारे संविधानले परिकल्पना गरेको व्यवस्था संविधानको क्षेत्र तथा दायराभन्दा बाहिर निस्किइसक्यो । हालको संविधानले अब यसलाई जवाफ दिन र व्याख्या गर्न अब गाह्रो छ ।

तेस्रो, पछिल्लो समय देशभरि राजावादीहरूले निकाल्दै आएका ठूला जुलुस र सभा सम्मेलनले संविधानले चिन्दै नचिन्ने शक्ति क्रमशः बलियो हुँदै गइरहेको देखाउँछ । दिनदिनै यस्ता जुलुस र प्रदर्शनमा बढ्दै गएका संख्या र त्यसमा लाग्ने नाराले संविधानमाथि औँला ठड्याइरहेका छन् ।

**दिपेश घिमिरे**



संविधानले चिन्दै नचिन्ने र परिकल्पना नै नगरेका शक्ति बढ्दै जाँदा त्यसलाई व्यवस्थापन गर्ने र संवैधानिक दायराभित्र ल्याएर व्यवस्थापन गर्ने जिम्मेवारी पाएको सरकार स्वयं यसलाई प्रवर्धन गर्न उद्दत देखिन्छ । सरकारका जिम्मेवार मन्त्रीले सामाजिक सञ्जालमा यस्तै गैरसंवैधानिक शक्तिलाई सहयोग पुग्ने अभिव्यक्ति दिनु, उनीहरूसँग सहकार्यका लागि प्रस्ताव गर्नुले गैरसंवैधानिक शक्तिकेन्द्र बढ्दै गएको देखिन्छ । यस्ता समस्याको समाधान वर्तमान संविधानले दिन सक्ने देखिदैन । चौथो, संविधानका मूलतः तीनवटा विशेषता हुन । धर्मनिरपेक्षता, संघीयता र गणतन्त्र । यतिबेला यी तीनवटै विशेषतामाथि गम्भीर प्रश्न उठेका छन् । केही दिनअघि मात्र प्रधानमन्त्रीबाट भएको पशुपति दर्शन र त्यसपछिको अभिव्यक्तिले धर्मनिरपेक्षतामाथि केही प्रश्नहरु खडा गरेको छ । भलै यसलाई व्यक्तिगत स्वतन्त्रताको रूपमा लिन सकिन्छ र त्यसलाई सम्मान गर्नुपर्ने हुन्छ । तथापि कोरोनाको खोपमा तड्पिइरहेका नागरिकलाई खोप किन्न बजेट नभएर चन्दा र अनुदानका लागि सार्वजनिक सूचना जारी गर्ने सरकारले मापदण्डविपरीत पशुपति मन्दिरमा सुनको जालरीको लागि गर्न लागिरहेको खर्चको भने कुनै पनि कोणबाट औचित्य पुष्टि गर्न सक्ने देखिदैन ।

शासकको कुनै एउटा धर्मप्रतिको आशक्ति व्यक्तिगत स्वतन्त्रताको दृष्टिकोणबाट मात्र विश्लेषण गर्न मिल्दैन । सबै धर्मलाई समान भन्ने संविधानले शासकको यस्तो आशक्तिको औचित्य पुष्टि गर्न सक्दैन । यसैगरी, प्रायः सबै राजनीतिक दलका नेताहरूले एकपछि अर्को गर्दै संघीयताबारे प्रश्न उठाइरहेका छन् । संघीयताले नेपालको क्षेत्रीय, जातीय तथा अन्य कतिपय असन्तुष्टि समाधान गर्न महत्वपूर्ण योगदान गरेको थियो । तथापि प्रमुख दलका शीर्ष नेताहरूको अभिव्यक्तिलाई एकै ठाउँमा राखेर विश्लेषण गर्ने हो भने संघीयता सबै दलका लागि 'अनवान्टेड बेबी'जस्तै देखिन्छ ।

कतिपयले प्रत्यक्ष त कतिपयले परोक्ष रूपमा संघीयतामाथि प्रश्न उठाइरहेका छन् । संघीयता फाल्न सरकारको कदमलाई साथ दिएको भन्दै सडकमा निस्किएकाहरुको अभिव्यक्तिलाई मिहिन रूपमा विश्लेषण गर्ने हो भने संविधानलाई समाधान दिन नसक्ने विन्दुमा पुर्याउँदै छ । अब रह्यो गणतन्त्रको कुरा । अहिलेको मोडलको गणतन्त्रले चरम दक्षिणपन्थीलाई मात्र होइन मध्यमार्गी र चरम वामपन्थी कसैलाई पनि सन्तुष्ट बनाएको छैन ।

तत्कालीन नेकपा एमालेदेखि नेपाली कांग्रेससम्म गणतन्त्रसँग असन्तुष्ट हुनेको संख्या ठूलो थियोरछ । दक्षिणपन्थीहरु त स्वभावैले यसमा सन्तुष्ट छैनन् । यसरी हेर्दा संविधानका तीनवटै विशेषतामाथि धेरैका असन्तुष्टि प्रत्यक्षरपरोक्ष रूपमा सार्वजनिक भइरहेका छन् । यी र यस्ता असन्तुष्टिलाई संविधानको क्षेत्रभित्र बसेर समाधान खोज्न नसकिने अवस्था सिर्जना हुँदैछ ।

पाँचौं, यो संविधान जारी गर्ने बेलादेखिका असन्तुष्टि यति लामो समयसम्म पनि समाधान भएनन् । मधेसी, थारू लगायतका समुदायका पहिचान र अधिकारसँग जोडिएका कतिपय सवाललाई संविधानले सम्बोधन गर्न सकेको छैन । जारी भएको पाँच वर्ष बितिसक्दा पनि संविधानले आफूलाई नरम

*बाँकी ३ पेजमा*

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- धैर्य एवं लगनशीलताले अवसर दिलाउनेछ । प्रेम सम्बन्ध कसिलो हुनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । आर्थिक क्षेत्रमा राम्रै सफलता मिल्नेछ ।

**वृष** :- शरीरमा स्फूर्ति र उमङ्गको कमी हुनेछ । यात्रामा मालसामान हराउन सक्छ । सानो तिना समस्यामा अल्झिनुपर्नेछ । स्वास्थ्यमा खर्च बढ्नेछ ।

**मिथुन**:- आज धार्मिक क्षेत्रको भ्रमण हुनेछ । आफन्तसंग भेटघाट हुनेछ । साँझमा आधुरा काम बन्न सक्छ, तर नियमित खर्चसमेत बढ्ने योग पनि छ ।

**कर्कट** :- जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ । धार्मिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ । घरमा अतिथीको आगमन हुनेछ ।

**सिंह**:- मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । कला, साहित्य तथा संगीतमा रूचि बढ्नेछ । तर्क, विवाद र प्रतिस्पर्धामा राम्रो सफलता मिल्नेछ ।

**कन्या** :- महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । रोकिएका काम पुनः सुरू हुन सक्छन् । आर्थिक कारोवारमा सफलता पाइएला । लाभदायक यात्रा होला ।

**तुला** :- महत्वपूर्ण कामको थालनी हुनेछ । लक्ष्मी प्रसन्न हुने योगछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ ।

**वृश्चिक** :- धर्म, कर्म तथा समाजसेवामा मन लाग्नेछ । नयाँ काम सुरू गर्ने समय छ । वाक्चतुर्याईँले संकल्प सिद्ध हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**धनु** :- लाभदायक यात्रा हुनेछ । ठीक समयमा सही निर्णय लिन सकिनेछ । राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ ।

**मकर**:- आज लगनशीलताको कमिले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला । नियमित खर्च समेत बढ्ने योग छ । सहकर्मीबाट विरोध आउन सक्छ ।

**कुम्भ**:- आज शुभारम्भको चर्चा चल्नेछ । नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । सांस्कृतिक क्षेत्रमा रूची बढ्नेछ । आँको काम पुरा हुनेछ ।

**मिन** :- घरमा अतिथीको आगमन हुनेछ । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । भूमिबाट लाभ रहला । साथीभाइले पनि सहयोग जुटाउनेछन् ।

# ७० विपन्न र अशक्तलाई चिसो छल्न न्यानो कपडा



सिरहा । सिरहा नगरपालिका ६ वसपिट्टाका ७० विपन्न एबम अशक्त भएकालाई व्यक्तिलाई खाजा र न्यानो कपडा वितरण वितरण गरिएको छ ।

कामाख्या परिवार नेपाल, जनकपुरधामका अध्यक्ष विभास कुमार लाभको नेतृत्वमा आएको टिमले विपद ब्यवस्थापन समिति सिरहाको शीत लहरी पुर्व तयारी तथा प्रतिकार्य योजना, २०७७ अन्तरगत "हुनेले नहुनेलाई न्यानो कपडा दिउँ" भन्ने अभियान अन्तरगत न्यानो कपडा वितरण गरिएको छ ।

कार्यक्रममा कुष्ठरोग सेवा सदन लालगढ धनुषाको आर्थिक उत्त अवसरमा सामाजिक विभाग प्रमुख ललिता लाभले सो क्षेत्रका ६ जना विपन्नलाई आफुले जिविकोपार्जनकालागि वित्तीय सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेकी छिन् ।

उक्त संस्थाले जिल्ला प्रशासन कार्यालयलाई १० थान डस्टविन वितरण गरेको छ ।

## प्रदेश २ ...

वर्षदेखि निष्क्रिय जस्तै रहेको यस क्षेत्रमा सक्रिय रहेका व्यक्तिहरू बताउँछन् ।

जबकी, प्रदेश सरकारले माघ ४ गते प्रकाशित गरेको सूचनामा पछिल्लो ५ वर्षदेखि यसै प्रदेशमा यस क्षेत्रमा सक्रिय रूपले उल्लेखनीय कार्य गरेका व्यक्ति हुनुपर्ने उल्लेख थियो । उनी प्रायः काठमाडौं नै बस्छन् । यहाँका कलाकारहरूका लागि कुनै कामै नगरेका तथा पछिल्लो समय निष्क्रिय जस्तै बनिसकेका व्यक्तिको नियुक्तिले कलाकारहरू निराश बनेको यसै पदका दाबेदारसमेत रहेका लालकिशोर यादव बताउँछन् । सिरहाका उनी नेपाली अभिनेता निखिल उप्रेतीद्वारा अभिनित भोजपुरी चलचित्र 'मज्जाक'का निर्माता पनि हुन् । प्रदेश सरकारले आवेदनका लागि सूचना निकालेपछि उनले पनि आवेदन दिएका थिए । यस पदका लागि आफ्नो र धर्मेन्द्र मरबैताको गरी दुई वटा आवेदन मात्रै परेको उनको दाबी छ । य स प्रदेशका सबै कलाकार पनि आफ्नै पक्षमा रहेको दाबी गर्ने उनी चलचित्र तथा लोकसञ्चार प्रर्वद्धन बोर्डको अध्यक्षमा आफू नै नियुक्त हुनेमा ढुक्क थिए । तर, त्यो आशा निराशामा परिणत भइदियो । आफूले आफूलाई यस प्रदेशमा रही यस क्षेत्रमै समर्पित गरिदिए पनि आफ्नो मूल्यांकन नहुँदा दुःख लागेको उनी सुनाउँछन् ।

मधेसको मौलिकता र कला संस्कृतिलाई उजागर गर्ने उद्देश्यले आफू शिक्षण पेशा छाडेर विगत ११ वर्षदेखि कला क्षेत्रमै सक्रिय रहेको उनी बताउँछन् । शैक्षिक योग्यताको आधारमा पनि आफू नै मूख्य दाबेदार भएपनि आर्थिक चलखेल र भागबण्डाको आधारमा नियुक्ति भएको उनले बताए ।

लालकिशोरले २०७५ सालमा मधेस चलचित्र विकास संघ नामक संस्थासमेत गठन गरेका छन् । यो संस्थाले मधेसको कला क्षेत्रको उत्थान र कलाकारका समस्या समाधानका कार्य गर्दै आएको उनले जानकारी दिए ।

यता, प्रदेश आमसञ्चार प्राधिकरणको अध्यक्षमा नियुक्त भएका श्यामसुन्दर यादवको नियुक्तिमाथि खासै असन्तुष्टि देखिएको छैन । उनी यस प्रदेशका अन्य वरिष्ठ पत्रकारहरूको तुलनामा कनिष्ठ नै भएपनि पेशाप्रति भने इमान्दार मानिन्छन् । यादव मधेस आन्दोलनमा महत्वपूर्ण भूमिका खेलेका पत्रकार हुन् ।

## मिर्चैयामा ...

आयोजना गरिन लागिएको अगुवा तथा वडाध्यक्ष दिनेश यादवले जनाए ।

महायज्ञमा विभिन्न देवीदेवताका गरी १०८ मूर्ति बनाइने आयोजक समितिले जनाएको छ । महायज्ञमा शिवदयाल तान्त्रिक बाबाले कथा वाचन तथा विशेष प्रवचन दिने जनाइएको छ ।

यहाँ विष्णुपुराण महायज्ञ आयोजनाले धार्मिक सहिष्णुतालाई संरक्षण गर्न सहयोग पुऱ्याउने आयोजक समितिको विश्वास छ ।

## संविधान ...

रूपमा प्रस्तुत गर्दै क्षेत्र, वर्ग, वर्ण, जातजाति लगायतका पहिचानसँग जोडिएका कतिपय सवाललाई संशोधनमार्फत सम्बोधन गरेन ।

सरकारका जिम्मेवार मन्त्रीले सामाजिक सञ्जालमा यस्तै गैरसंवैधानिक शक्तिलाई सहयोग पुग्ने अभिव्यक्ति दिनु, उनीहरूसँग सहकार्यका लागि प्रस्ताव गर्नुले गैरसंवैधानिक शक्तिकेन्द्र बढ्दै गएको देखिन्छ ।

अझै पनि कतिपय समुदायले संविधानप्रतिको अपनत्व नलिइरहेको अवस्था छ । समय रहँदै संविधानले यस्ता सवाललाई संवोधन नगर्दा त्यो बिस्तारै संगठित हुँदै जान्छन् । संविधानको क्षेत्र र दायराभन्दा बाहिर पुग्छन् । यी असन्तुष्टि वर्तमान संविधानको क्षेत्र र दायराबाट बाहिर पुगिसकेका त छैनन् होला । यद्यपि त्यो दिशातिर लम्किरहेका झैँ देखिन्छन् ।

छैटौँ, वर्तमान संविधानले नेपाली राजनीतिका सबैभन्दा ठूलो समस्याको रूपमा रहेका पहिलो र दोस्रो पुस्ताका नेताको विकल्प खोजेन । बरू उनीहरूको शक्ति, स्थान र भूमिकालाई झन् झन् मजबुद बनायो । चार पटक प्रधानमन्त्री भइसकेका नेतालाई सात पटकको सपना देख्न मखमली पलङ् यही संविधानले दिएको हो । दुईपटक भन्दा बढी प्रधानमन्त्री बन्न नपाउने संवैधानिक व्यवस्था मात्र गरिदिएको भए सायद यसपटक प्रधानमन्त्रीले यति सहजै व्यवस्थापिका संसद् भंग गरेर फेरि प्रधानमन्त्री बन्ने सपना देख्दैनथे ।

चारपटक प्रधानमन्त्री बनिसकेका नेता यो संकटमा दुवै हातमा लड्डु छ भन्दै भाषण गर्दैनथे । संविधानले गरेको मिश्रित निर्वाचन प्रणालीले हरेक राजनीतिक दलका शीर्ष नेतालाई राजनीतिक रूपमा शक्तिशाली र आर्थिक रुपमा सम्पन्न बनाइदिएको छ । त्यही बाटोबाट आफ्ना कोटरीका कार्यकर्तालाई सांसद बनाउँदै शीर्ष नेताले आफ्नो राजनीतिक स्थान बलियो बनाइरहेका छन् ।

व्यापारीलाई पद बेचेर आर्थिक रूपमा नवधनाढ्य बनिरहेका छन् । यसले समग्र राजनीति पेसा बन्न पुगेको छ । घिनलाग्दो फोहोरी खेलका रूपमा नागरिक बीचमा स्थापित भएको छ । यस्ता समस्या रहेसम्म नेपाली नागरिकको विकास र समृद्धिको अपेक्षालाई यस

बाँकी ४ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔँ, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔँ । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔँ । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔँ । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔँ । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔँ । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा

# मिस्टर एण्ड मिस सिरहाको फिनाले माघ २८ गते पशुपति सिनेमा हलमा हुने

■ फिरोज शेख

लहान । मिस्टर एण्ड मिस सिरहा आइकन २०२१ को फिनाले माघ २८ गते लहानमा हुने आयोजकले पत्रकार सम्मेलन गरी जानकारी गराएका छन् ।

पी. प्रोडक्सन नेपाल प्रालिको आयोजनामा सञ्चालन भइरहेको 'मिस्टर एण्ड मिस सिरहा आइकन-२०२१' को फिनाले २० दिनको तालिम पश्चात माघ २८ गते बुधबार बिहान ११ बजे देखि लहान-८ मा अवस्थित पशुपति डिजिटल सिनेमा हलमा हुने आयोजकले जनाएका छन् ।

देशका विभिन्न शहरहरूमा सफल ईभेन्ट तथा विभिन्न शो संगै कार्यक्रमहरूको आयोजना गरेर ख्याती कमाउन सफल पी. प्रोडक्सनका कार्यक्रम संयोजक विशाल पासवानले पत्रकार सम्मेलनमा समाजमा बढ्दो महिला हिंसालाई न्यूनिकरण, बाल विवाह तथा लागूऔषध मुक्त समाज निर्माण, स्थानीय भाषा, संस्कृती, धर्म, पहिचान, रहनसहन तथा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले प्रतियोगिताको आयोजना गरिएको जानकारी दिए ।

फिनालेमा युवा तर्फबाट एक जना र युवती तर्फबाट एक जना गरी २ जना विजेता हुने संयोजक पासवानले जानकारी दिए । फिनालेमा मिस ग्रान्ड नेपाल निशा पाठक लगायत नेपालका दिग्गज कलाकर्मी तथा मोडलहरू जजको रूपमा रहने छन् ।

त्यसैगरी नेपालका चर्चित विभिन्न कलाकार तथा सहभागीहरूको बेजोड प्रस्तुति रहने जनाउँदै विजेता दुवै जनालाई नगद पुरस्कार १५-१५ हजार, मोड्लिंग एग्रिमेन्ट, म्युजिक भिडियो गर्ने मौका, विभिन्न तालिम, स्कलरसीप, आकर्षक उपहारसंगै अवार्ड र नेशनल म्यागजिनका लागि फोटो शुटको अवसर प्रदान गर्ने आयोजकले जनाएका छन् ।



पत्रकार सम्मेलनमा मिस सिरहा २०२० विजेता सुप्रिया मण्डल, कोरियोग्राफर प्रशान्त साह, कार्यक्रम सह-संयोजक राजा अन्सारी, शेख मिडिया हाउस प्रालि तथा रेडियो सरगम ९३ मेगाहर्जका संचालक फिरोज शेख, लहान पोस्ट दैनिकका सम्पादक शम्भु यादव लगायत विभिन्न सञ्चारमाध्यमका पत्रकारहरूको उपस्तिथी रहेको थियो ।

यसैबीच प्रतियोगिता अन्तर्गत सम्पन्न ट्यालेन्ट राउन्डमा सहभागीहरू क्रमशः सारांश साह, बन्चिता यादव, चिराग शर्मा, ऋतिका शर्मा, सुशान्त साह, पुर्णिमा यादव, रोमन परियार, राज किशोर साह, मानिस साह, साहिल शर्मा, जिवछ पासवान, दिपक रोय, नाबिब राइन र विवेक साह सहित १४ जना युवा युवतीहरूले नृत्य, गायन, कला, महिला हिंसा, बेरोजगारी लगायतका शिर्षकमा आ-आफ्नो क्षमता प्रस्तुत गरेका थिए ।

ट्यालेन्ट राउन्ड नेपाल युवा संघका जिल्ला सह-संयोजक आशानन्द यादवको प्रमुख आतिथ्यता तथा युवा संघका विवेक परियार, मनोज सहनी, नितेशनन्दन यादव, गोधुली होटलका संचालक आयुस अमात्य लगायतको उपस्तिथिमा सम्पन्न भएको हो । ट्यालेन्ट राउन्डका जजहरूमा अभिषेक गौतम, सपना क्षेत्री, अन्जली शर्मा, किशन रोक्का र आनन्द भुर्तेल रहेका थिए । कार्यक्रम गोधुली होटलको सभा हलमा भएको थियो ।

## संविधान ...

संविधानले सम्बोधन गर्न सक्ने अवस्था रहँदैन ।

यति हुँदाहुँदै पनि नेपालको संविधान २०७२ एक विशिष्ट परिप्रेक्ष्यमा जारी भएको तथ्य भुल्नु हुँदैन । विदेशी हस्तक्षेपका कारण देशको सार्वभौमिकतामाथि प्रश्न उठिरहेको थियो । देशकै अस्तित्व माथिप्रश्न उठिरहेको समयमा जारी भएको संविधानले नेपालको सार्वभौमिकता र अखण्डतालाई तत्कालीन समयमा बलियोसँग संरक्षण गरेकै हो । तर पाँच वर्षको अवधिमा समाजमा जेरजस्ता समस्या देखापरे यी संविधानको दायरा र क्षेत्र भन्दा बाहिरका छन् । कतिपयलाई शासकले जबर्जस्ती बाहिर पुर्‍याएका छन् ।

विगतकै अनुभव हेर्ने हो भने पनि वि.सं. २०४७ सालको संविधानले खासमा २०५२ सालसम्म मात्रै काम गर्‍यो । त्यसपछि २०६३ सालसम्म त त्यसलाई घिस्याइएको मात्र हो । त्यसबीचमा देखापरेका सामाजिक, राजनीतिक आर्थिक समस्यालाई उक्त संविधानले समाधान गर्न सक्ने अवस्था थिएन । गरेन पनि । नयाँ संविधान आयो । यो संविधानले पनि आफ्नो ऐतिहासिक जिम्मेवारी पूरा गर्‍यो । यद्यपि यही संविधानबाट यी यावत् समस्याका समाधान खोज्ने हो भने संसद् पुनःस्थापना पहिलो कदम हुन त सक्छ । तर यसले मात्र समाधान दिँदैन । यसपछि संविधान जारी गर्दाका शक्तिहरूको पूर्ववत् मजबुत एकता पूर्वसर्त हो ।

साथै संविधानले चिनेका शक्तिले यसबीचमा देखापरेका समस्याप्रति समान धारणा बनाएर संविधानलाई गतिशील दस्तावेजका रूपमा स्वीकार गर्नु आवश्यक छ । तर अहिलेको परिस्थिति हेर्दा सजिलै यी दिन आउला जस्तो देखिन्न । संविधान निर्माण गर्दाका शक्ति विपरीत दिशातर्फ फर्किएर झडपको तयारी गरिरहेको अवस्थामा यही संविधानबाट नेपालको विकास र समृद्धिको अपेक्षा पूरा हुने सम्भावना बिस्तारै कमजोर हुँदै गएको छ । यसर्थ, मन भारी बनाउँदै हरेक नेपालीले स्वीकार्ने बेला आउँदै छ । सबै मिलेर संवैधानिक शक्तिको एकतामा जोड दिऔँ नत्र वर्तमान संविधानको औचित्य क्रमशः सकिँदै छ । जति छिटो यसमा प्रस्ट भएर अघि बढ्छौं, क्षति उति कम हुन्छ । *साभार : इकागजबाट*


**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**-: जनहितका लागि :-**

हरेक खबर, विशेष खबर · लहानपोस्ट् LAHANPOST DAILY · राष्ट्रिय दैनिक · जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७



## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**
**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**
**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**
**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**
**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**
**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**
**औरही गाउँपालिका कार्यालय, सिरहा**
**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**
**नरहा गाउँपालिका कार्यालय, सिरहा**








लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्युटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यु यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)